बेलकोटगढी नगरपालिका

# नगरकार्यपालिको कार्यालय

# बाघखोर, नुवाकोट

## वालुवाको लिलाम बढाबढ सम्बन्धी

## बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७।८।२२

# वालुवाको लिलाम बढाबढ सम्बन्धी बोलपत्र फाराम

# २०७७

बोलपत्रदाता फर्म/व्यक्तिको नाम :..................................................

ठेगाना :..............................................................................

सम्पर्क :

(क) फोन नं.:...............................................

(ख) मोवाइल नं.:...........................................

प्याकेज नं.

बोलपत्रदाता फर्म/व्यक्तिको छाप/नागरिकता नं.:...................

मूल्य रु.१०००।-

(दीपक प्रसाद खतिवडा)
प्रमुख प्रशासकीय अधिकृत

बेलकोटगढी नगरपालिका

# नगरपालिकाको कार्यालय

बाघखोर,नुवाकोट

**वालुवाकोको लिलाम बढावढ सम्बन्धी**

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति :-२०७७।८।२२

यस नगरपालिका अन्तर्गतका विभिन्न स्थानहरुमा अनधिकृत रुपमा जम्मा गरी नगरपालिकाले जफत गरेको वालुवा । न्यूनतम मूल्य रु.६४७०००।-(**छ लाख सर्चालिस हजार मात्र**) कायम गरी प्याकेज वाइज वोलपत्रको माध्यमवाट लिलाम वढावढ गरी लिलाम विक्री गरिने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र वोलपत्र फारम खरिद गरी यो सूचना प्रकाशित मितिले २२ औं दिनको (मिति २०७७।९।१३ गते) १२:०० बजेभित्र यस कार्यालयको खरिद ईकाइ कोठा नम्वर ५ मा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । दर्ता हुन आएका बोलपत्रहरु २२ औं दिन (मिति २०७७।९।१३ गते)को २:०० बजे खोलिने छ । साथै वोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको वेवसाइट www.belkotgadhimun.gov.np र सूचना पाटीमा हेर्न सकिनेछ ।

( दीपक प्रसाद खतिवडा )
प्रमुख प्रशासकीय अधिकृत

# वालुवाको लिलाम बढाबढ सम्बन्धी बोलपत्र फाराम

## बोलपत्र आह्वानको सूचना

पत्रिकामा प्रथम पटक प्रकाशित मिति: २०७७।८।२२

यस नगरपालिका अन्तर्गतको विभिन्न स्थानहरुमा अनधिकृत रुपमा जम्मा भै नगरपालिकाले जफत गरेको वालुवा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा निम्नानुसारको प्याकेजमा बोलपत्रको माध्यमवाट वढावढ गरी लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले निम्न लिखित सर्तको अधिनमा रही निम्न लिखित प्याकेज हरुको अलग अलग सिलवन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. निम्नानुसारको प्याकेजमा प्याकेज वाइज अलग अलग बोलपत्र दाखिला गर्नु पर्ने :

| प्याकेज न. | बालुवा संकलन गरिएको स्थान | वडा न. | परिमाण (घ मि ) | परिमाण (घ फिट ) | अनुमानित टिप् (७ घ मि क्षमताको टिपर ) | तोकिएको न्युनतम दर (प्रति टिप् ) | जम्मा संकलन हुने न्युनतम रकम | धरौटी बिड बोन्ड रकम (१०% ले हुन आउने ) |
|---|---|---|---|---|---|---|---|---|
| १/२०७७/७८ | चौथे दोभान | २ | २१४१.४५ | ७५५६६.५३ | ३०६ | १००० | ३०६००० | ३०६०० |
| २/२०७७/७८ | इन्द्र बहादुरको घर नजिक बगर | ३ | ७६५.८१ | २७०२३.५६ | ११० | १००० | ११०००० | ११००० |
| ३/२०७७/७८ | ठुलो बगर | ३ | १६१८.८७ | ५७१२५.९६ | २३१ | १००० | २३१००० | २३१०० |
| | जम्मा परिमाण | | ४५२६.१३ | १५९७१६.०५ | ६४७ | १००० | ६४७००० | ६४७०० |

२. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय सम्म यस कार्यालयको खरिद ईकाइ बाट रु १०००।- (एक हजार फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि दिनको कार्यालय समय सम्म खरिद गर्न सकिनेछ ।

३. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले २२ औं दिन(मिति २०७७।९।१३) दिनको १२.०० बजे भित्र खरिद शाखामा दर्ता गराईसक्नु पर्नेछ । सो दिन विदा परेमा कार्यालय खुलेको दिनको १२.०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ । वोलपत्र फाराम सिलवन्दी गरी खामको बाहिर बोलपत्रदाताको नाम, ठेगाना खुलाइ **"बेलकोटगढी नगरपालिका,नगरकार्यपालिको कार्यालय लिलाम सम्बन्धी बोलपत्र, २०७७"** उल्लेख भएको हुनुपर्नेछ ।

४. पर्न आएका सिलवन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले २२ औं दिन(मिति २०७७।९।१३गते) दिनको २.०० बजे कार्यालयको खरिद इकाइ मा उपस्थित व्यक्ति/फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर व्यक्ति वा फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त वोलपत्र खोल्ने दिन विदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा वोलपत्र खोलिनेछ । बोलपत्र स्वीकृत भएको मितिले १५ (पन्ध्र) दिन भित्र स्वीकृत बोलपत्रदाताले सामान उठाईसकेको हुनुपर्ने छ ।

५. सिलवन्दी वोलपत्र साथ आफुले कबोल गरेको अङ्कको १० (दश) प्रतिशतले हुन आउने बोलपत्र जमानत वापतको रकम **बेलकोटगढी नगरपालिका,नगरकार्यपालिकाको** सानिमा बैक लिमिटेड ,बिदुर शाखाको धरौटी खातामा ०४१०१००४००००९१ मा नगद जम्मा गरेको वैंक भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन

( दीपक प्रसाद खतिवडा )
प्रमुख प्रशासकीय अधिकृत

म्याद भएको वाणिज्य बैंक द्वारा यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक ग्यारेण्टि (बिडबोण्ड) पेश गर्नु पर्ने छ ।

६. बोलपत्र पेश गर्ने इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७६।७७ सम्मको करचुक्ता पत्रको प्रमाणित प्रतिलिपि, सार्वजनिक खरिद बिक्री सम्बन्धी कार्यमा अयोग्य नभएको स्वघोषणा र इच्छुक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र पान नं.बोलपत्र फारमसाथ संलग्न राख्नु पर्नेछ ।

७. सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ एवं कार्यपालिकाको निर्णय अनुसारको रीत नपुगी आएको सिलवन्दी बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

८. सिलवन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

**१०. बालुवाको प्याकेज वाइज कुल न्युनतम कायम मूल्य वा सो रकम देखि माथि मात्र कबोल अंक लेख्न सकिने छ । वालुवा संकलन एवं निकासी कर लिदा भ्याट को रकम समेत संकलन गरी संझौता भैसकेको कारण यो बिक्रिमा भ्याट रकम संकलन गरिने छैन ।**

११. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा उल्लेखित वालुवा सम्बन्धी बुझ्नु परेमा उल्लेखित वडा वा नगरपाकिको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२. यो सूचना कार्यालयको सुचना पाटी, वेभसाइट www.belkotgadhimun.gov.np मा समेत हेर्न सकिनेछ ।

(दीपक प्रसाद खतिवडा)
प्रमुख प्रशासकीय अधिकृत

बेलकोटगढी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, बाघखोर,नुवाकोट ।

त्यस कार्यालयवाट मिति २०७७।८।२२ मा प्रकाशित भएको अनधिकृत रुपमा जम्मा गरी कार्यालयले जफत गरेको वालुवा लिलाम विक्री सम्वन्धी वोलपत्र आव्हान गरिएको सूचना अनुसारको शर्तहरुमा उल्लेख भए अनुसारका वालुवा वोलपत्र स्वीकृत भएको मितिले तोकिएको समयमा कवोल गरेको सम्पुर्ण रकम बुझाई/दाखिला गरी वालुवा उठाई लैजान मेरो / हाम्रो इच्छा भएकोले सो सूचनामा उल्लेखित शर्तहरु र वोलपत्र फाराम भरी धरौटीको कागज र अन्य आवश्यक कागजातहरु यसैसाथ संलग्न गरी रु. १०।- को टिकट टाँसी यो गोप्य सिलवन्दी वोलपत्र फाराम भरी पेश गरेको छु / छौं ।

१. वालुवा लिलाम विक्री वारेको सूचना र वोलपत्र फाराममा उल्लेख भए अनुसारका शर्तहरुको अधिनमा रही तोकिएको म्यादभित्र वालुवा उठाई लैजान मेरो / हाम्रो मन्जुरी छ ।
२. उक्त वोलपत्रमा आफुले कवोल गरेको अंकको १०% (दश प्रतिशत) ले हुने रकम नगरकार्यपालिकाको कार्यालय, बाघखोर,नुवाकोट नाममा जम्मा हुने गरी सानिमा बैंक लिमिटेड, विदुर शाखामा रहेको धरौटी खाता नं. ०४१०१००४००००९१ मा जम्मा गरेको रु.................................... (अक्षरेपी ........................ ........................................ मात्र) को बैंक भौचर / विड वण्ड यसैसाथ संलग्न गरेको छु / छौं उक्त विडवण्डको म्याद ........................................................................सम्मको रहेको छ ।-उक्त वोलपत्र स्वीकृत भएमा वोलपत्रमा उल्लेख भए अनुसार नै रकम जम्मा गर्ने छु / छौं ।

वोलपत्रदाताको नाम : ................................................

दस्तखत : .............................

ठेगाना : ....................................................

फोन नं. ......................................

छाँप: ......................................................................

भ्याट / आयकर दर्ता प्र.प्र.नं./ पान नं............

( दीपक प्रसाद खतिवडा )
प्रमुख प्रशासकीय अधिकृत

## वोलपत्रका शर्तहरू/बोलपत्रदातालाई निर्देशन

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय सम्म यस कार्यालयको खरिद ईकाइवाट रु. १०००।- (एक हजार फिर्ता नहुने गरी ) तिरी खरिद गर्न सकिने छ। अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. कार्यालयबाट स्वीकृत भएको वोलपत्रमा नै वोलकवोल अंक भरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजेसम्म सिलबन्दी गरी कार्यालयको खरिद ईकाइमा दर्ता गराउनु पर्नेछ। वोलपत्र बुझाउने अन्तिम दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिन १२:०० बजेसम्म वोलपत्र दर्ता गर्नु पर्नेछ। वोलपत्र फाराम सिलबन्दी गरी खामको वाहिर वोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर खुलाई " **"बेलकोटगढी नगरपालिका,नगरकार्यपालिको कार्यालय लिलाम सम्बन्धी बोलपत्र, २०७७"** उल्लेख भएको हुनुपर्नेछ।

३.सिलवन्दी बोलपत्र साथ आफुले कवोल गरेको अङ्कको १० (दश) प्रतिशतले हुन आउने वोलपत्र जमानत वापतको रकमे **बेलकोटगढी नगरपालिका,नगरकार्यपालिको कार्यालय**नाममा जम्मा हुने गरी सानिमा बैंक लिमिटेड विदुर शाखामा रहेको धरौटी खाता ०४१०१००४००००९१ मा नगद जम्मा गरेको बैंक भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन म्याद भएको वाणिज्य बैंक द्वारा यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक ग्यारेण्टि (बिडबोण्ड) पेश गर्नु पर्ने छ।

४. प्राप्त हुन आएका वोलपत्रहरु २२ औं दिनको २:०० बजे यस कार्यालयमा वोलपत्रदाता वा निजहरूको अधिकृत प्रतिनिधिको रोहबरमा खोलिने छ। वोलपत्रदाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोलिने कार्य रोकिने छैन।

५. वोलपत्रदाताहरूले वोलपत्र दाखिला गर्नु अगावै यसैसाथ दिइएको वोलपत्र डकुमेन्टहरू (करारका सामान्य शर्तहरू, बील अफ क्वाण्टिटिज (लिलाम विक्री गरिने सामानको बिवरण), वोलपत्रका शर्तहरू आदि) राम्ररी अध्ययन गरी सम्झि बुझी वोलपत्र फाराम भर्नु पर्नेछ। वोलपत्र स्वीकृत भए पछि तोकिएको समयमा रकम दाखिला गरी तोकिएको म्याद भित्र बालुवा उठाई लैजानु पर्नेछ।

७. वोलपत्र दाखिला गर्दा यसैसाथ दिइएको बील अफ क्वाण्टिटिज (लिलाम गर्नु पर्ने बालुवाको विवरण) प्याकेज अनुसारको बालुवाको लागि सोही फारामको आफुले भर्न चाहेको प्याकेज नं. महलमा एकमुष्ट कवोल अंक भरी अक्षरमा समेत खुलाई सम्पूर्ण वोलपत्र डकुमेण्टमा हस्ताक्षर गरी दाखिला गर्नु पर्नेछ।

८. रीत नपुगेको वा म्याद नाघी आएको वा केरमेट भई अंक वा अक्षर नवुझिने तथा वोलपत्रदाताको हस्ताक्षर नभएको वोलपत्र उपर कारवाही हुने छैन।

९. पर्न आएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०.वोलपत्र स्वीकृत भएको सूचना पाएपछि ७ दिनभित्र कवोल गरेको सम्पूर्ण रकम जम्मा गर्नु पर्नेछ। यस प्रयोजनको लागि शतप्रतिशत रकम र यस कार्यालयको संचित कोष खाता नं. ०४१०१००४००००९२ मा नगदै जम्मा गरिएको भौचर पेश गरी बालुवा उठाई लैजानु पर्नेछ।

(दीपक प्रसाद खतिवडा)
प्रमुख प्रशासकीय अधिकृत

११. वोलपत्र स्वीकृत भएको सूचना पाएपछि वोलपत्र फारमसाथ संलग्न लिष्ट वमोजिमको वालुवा जे जस्तो अवस्थामा जुन स्थानमा छ सोही स्थानवाट १५ दिन भित्रै उठाई लैजानु सक्नु पर्नेछ । तोकिएको समयमा उठाउंन नसकी उचित र पर्याप्त कारण सहित लिखित निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले ७ दिन सम्म थप म्याद दिन सकिनेछ ।

१२. वोलपत्रदाताले आफूले वोल कवोल गरेका सामानहरुको कूल मूल्य प्रष्ट रुपमा अङ्क र अक्षरमा (केरमेट नगरी) उल्लेख गर्नु पर्नेछ । अङ्कमा केरमेट वा अस्पष्ट भएमा, फरक उल्लेख भएमा अक्षरमा उल्लेख भएकोलाई मान्यता दिइने छ ।

१३. नियमानुसारको कुनै कर, दस्तुर आदि जे जति लाग्ने भएमा सो रकम स्वीकृत भएको वोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । बालुवा ढुवानीमा लाग्ने रकम वोलपत्रदाता आफैले व्यहोर्नु पर्ने छ ।

१४. यसमा नपरेका अन्य कुराहरू प्रचलित ऐन, नियम अनुसार हुनेछन् ।

( दीपक प्रसाद खतिवडा )
प्रमुख प्रशासकीय अधिकृत

# करारका सामान्य शर्तहरू

| | | |
|---|---|---|
| १. | **शब्दावली (Terminology)** | विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस करारमा निम्न बमोजिम शब्दावलीलाई निम्नानुसार अर्थ लगाउने गरी प्रयोग गरिएका छन । |
| १.१ | कार्यालय भन्नाले | बेलकोटगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । |
| १.२ | बोलपत्रदाता भन्नाले | बोलपत्र पेश गर्ने व्यक्ति, फर्म, कम्पनी वा सो को उत्तराधिकारी वा अधिकृत प्रतिनिधिलाई जनाउँछ । |
| १.३ | करार भन्नाले | करारमा उल्लेखित शर्तहरू, बील अफ क्वाण्टिटिज (लिलाम गरिने बालुवाको बिबरण) र त्यसमा कबोल गरिएको मोल समेतलाई जनाउँछ । |
| १.४ | काम भन्नाले | करार अनुसार लिलाम हुने कार्यलाई जनाउँछ । |
| २ | **स्वीकृत बोलपत्रदाताको दायित्व** | |
| २.१ | बालुवा लिलाम बिक्री गर्ने | बेलकोटगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय |
| २.२ | बालुवा उठाई लैजानु पर्ने अवधि | बील अफ क्वाण्टिटिज (लिलाम गरिने सामानको विवरण)मा उल्लेखित बालुवा एकै पटक वा पटक पटक गरी तोकिएको समय भित्र उठाई लैजानु पर्नेछ । |
| २.३ | अवधि थप | स्वीकृत बोलपत्रदाताले यथेष्ट कारणहरू खुलाई समय थप पाउनको लागि करारको अवधिभित्रै लिखित माग गरेमा औचित्यको आधारमा ७ दिन सम्म म्याद थप दिन सकिनेछ । |
| २.४ | हर्जाना वा धरौटी जफत | यस करार बमोजिम तोकिएको समयभित्र बोलपत्रदाताले रकम जम्मा गर्न नसकेमा वा सामान उठाई लैजान नसकेमा निजले राखेको धरौटी रकम जफत गरिनेछ । |
| २.५ | करार तोड्न सक्ने | (क) करार बमोजिम काम नभएमा र करार बमोजिम गर्नु पर्ने काम गर्न इन्कार गरेमा ।<br>(ख) करारको शर्त परिपालना नगरेमा । |
| २.६ | करार तोडी दोश्रो वा सो भन्दा पछिको बोलपत्र स्वीकार गर्न सकिने | करार तोडिएमा नगरपालिकाले दोश्रो वा सो भन्दा पछिल्लो क्रममा रहेको बोलपत्रलाई नियमानुसार स्वीकार गरी लिलाम बिक्रीको काम गर्न सकिनेछ । |
| २.७ | वादविवादको निपटारा | उल्लेखित शर्तनामाको विषयमा स्वीकृत बोलपत्रदाता र नगरपालिकाबीच कुनै मतभेद भएमा,प्रमुख प्रशासकीय अधिकृतबाट मध्यस्थता गरी मिलाईनेछ । मध्यस्थता गर्नेले दिएको निर्णय अन्तिम हुनेछ र सो निर्णयलाई दुवै पक्षले स्वीकार गर्नु पर्नेछ । |
| २.८ | यसमा नपरेका अन्यकुराहरू | प्रचलित ऐन नियमानुसार हुनेछ । |

( दीपक प्रसाद खतिवडा )
प्रमुख प्रशासकीय अधिकृत

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
बागमती प्रदेश, नेपाल

## वोलपत्रदाताको ग्राह्यता सम्वन्धी आधार तथा कागजातहरू

वोलपत्रदाताले वोलपत्र सम्वन्धी कागजातमा आफ्नो वोलपत्रको ग्राह्यता (इलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न देहायका कागजातको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

१. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र (आवश्यक समय सम्मको लागि नविकरण भएको)
२. मूल्य अभिवृद्धिकर दर्ता तथा प्यान दर्ता प्रमाणपत्र
३. आ.व. ०७६।७७ सम्म कर चुक्ता गरेको प्रमाण वा सो अवधि सम्मको कर विवरण दाखिला गरेको प्रमाण
४. वोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र पेशा सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको कागजात
५. यस वोलपत्रमा इच्छुक व्यक्तिलाई समेत अवसर प्रदान गरिएकोले निजको नागरिकताको प्रतिलिपि र पान नं
६. यो बोलपत्रका लागि समानको प्रकृति र सामान सुरक्षालाई दृष्टिकोण गरी यी आधारहरु मध्ये कुनै एकको आधारमा मात्र हुंदा पनि बोलपत्रदातालाई ग्राह्य मान्न सकिने छ ।

## वोलपत्रको मूल्यांकन सम्वन्धी आधार तथा तरिका

खरिद कारवाहीमा भाग लिन योग्य प्रस्तावदाताको प्रस्ताव देहायको आधार भित्र रही मूल्यांकन गरिनेछ ।

- वोलपत्रदाताले पेश गरेको वोलपत्रको पूर्णता परीक्षण पश्चात वित्तिय तुलना गरी प्राथमिकताक्रम निर्धारण गरिनेछ ।
- यस वाहेक सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र आर्थिक कार्यविधि नियमावली, २०६४ मा तोकिएका अन्य कुराहरुलाई समेत मूल्यांकनको आधारको रुपमा लिइनेछ ।

**( दीपक प्रसाद खतिवडा )**
**प्रमुख प्रशासकीय अधिकृत**

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

## खरिद कारवाहीमा भाग लिन योग्य भएको घोषणा-पत्र

### जो जस संग सम्वन्ध राख्दछ ।

कुनै पनि किसिमको खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्वन्धी कसुरमा कुनै किसिमको सजाय नपाएको व्यहोरा घोषणा गर्दछु ।

वोलपत्रदाताको,

नाम:

दस्तखत:

मिति:

फर्मको छाप:

( दीपक प्रसाद खतिवडा )
प्रमुख प्रशासकीय अधिकृत

बेलकोटगढी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## बाघखोर, नुवाकोट

(खरिद इकाइ)

बागमती प्रदेश, नेपाल

## बालुवाको लिलाम बढाबढ सम्वन्धी ०७७।७८

(बि.ओ.क्यू.)

मिति २०७७।८।२२ को ...................................... दैनिकमा प्रकाशित सूचना वमोजिम ताहा कार्यालयले जफत गरेको वालुवा जे जस्तो अवस्थामा छ सोही अवस्थामा गरिने लिलाम विक्री सम्वन्धमा म/हामी उक्त सामान सिलवन्दी वोलपत्रद्वारा लिलाम वढावढ सकार गर्न मन्जुर भएकोले सूचनामा उल्लेखित सर्तलाई स्वीकार गरी कार्यालयबाट विक्री भएको यो बोलपत्र फाराम (वि.ओ.क्यू.) भरी पेश गरेको छु/छौं ।

तपसिल

| प्याकेज न. | बालुवा संकलन गरिएको स्थान | वडा न. | परिमाण (घ.मि.) | परिमाण (घ फिट) | अनुमानित टिप् (७ घ मि क्षमता को टिपर) | तोकिएको न्युनतम डर (प्रति टिप्) | जम्मा कबोल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १/२०७७/७८ | चौथे दोभान | २ | २१४१.४५ | ७५५६६.५३ | ३०६ | १००० | | |
| २/२०७७/७८ | इन्द्र बहादुरको घर नजिक बगर | ३ | ७६५.८१ | २७०२३.५६ | ११० | १००० | | |
| ३/२०७७/७८ | ठुलो बगर | ३ | १६१८.८७ | ५७१२५.९६ | २३१ | १००० | | |
| | जम्मा परिमाण | | ४५२६.१३ | १५९७१६.०५ | ६४७ | १००० | | |

भ्याट/ आयकर दर्ता प्र.प्र.नं /पान नं.

( दीपक प्रसाद खतिवडा )
प्रमुख प्रशासकीय अधिकृत

उल्लिखित बालुवा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा म/हामी वाट निम्न वमोजिमको रकममा सकार गर्न/वोल कवोल गर्न मन्जुर छ। कवोल गरेको रकमम म/ हामी तिर्न वुझाउन राजि छु। छौ।

कवोल अङ्क: रु. ........................... अक्षेरुपी................ ..........................

........................................................................................................................................मात्र ) ।

मिति :- २०७७/ /

वोलपत्र पेश गर्नेको दस्तखत :

फर्म/व्यक्तिको नाम :

फर्मको छाँप:

ठेगाना:

सम्पर्क नम्वर:-

वेलकोटगढी नगरपालिका, नुवाकोट (यसपछि प्रथम पक्ष भनिएको) र श्री ............ (यसपछि द्वितीय पक्ष भनिएको) वीच तल उल्लेखित शर्त अनुसार स्वीकृत विल अफ क्वाण्टिटिज वमोजिमका वालुवा उठाई लाने सम्वन्धमा दुवै पक्ष मन्जुर भई यो सम्झौतापत्रमा हस्ताक्षर गरी लियौं दियौं।

**सम्झौताका शर्तहरु:**

१. यो सम्झौता आधिकारीक हस्ताक्षर भएको मिति देखि लागू हुनेछ। सम्झौताको अवधि हस्ताक्षर भएको मितिले १५ (पन्ध्र) दिन रहने छ।

२. न.पा.वाट स्वीकृत लिलामका बालुवा एकै पटक वा पटक पटक गरी द्वितीय पक्षले उठाई लैजानु पर्नेछ।

३. द्वितिय पक्षले तोकिएको समय भित्र सामान उठाउन नसक्ने जानकारी प्रथम पक्षलाई गराएमा सम्झौताको शर्त नम्बर १ मा भएको अवधिमा ७ (सात) दिन थप हुन सक्ने छ।

४. यो संझौता अन्तर्गत भएका कारोवारको प्रचलित कानून अनुसार तिर्नु पर्ने सम्पूर्ण करहरु द्वितीय पक्ष स्वयंले व्यहोर्नु पर्नेछ।

५. लिलाम भएका सामानहरु द्वितीय पक्षले उठाई लगे बापत प्रथम पक्षबाट कुनै रकम भुक्तानी गरीने छैन।

६. सम्वन्धित पदाधिकारी सन्तुष्ट हुन सक्ने उचित र पर्याप्त कारण विना स्वीकृत विल अफ क्वाण्टिटिजको वालुवा उठाउन नसकेमा अधिकारप्राप्त अधिकारीवाट निर्णय भए अनुसार द्वितीय पक्षले हर्जाना व्यहोर्नु पर्नेछ। हर्जाना रकम धरौटीवाट र सोवाट नपुगेमा आपूर्तिकर्ताको घरघरानावाट असुल उपर हुनेछ।

७. यो करारमा उल्लेखित शर्तहरुको पालना गर्नु दुवै पक्षको दायित्व हुनेछ।

८. करार भंग हुन सक्ने:-

८.१ करारमा उल्लेखित शर्तहरुको परिपालना नगरेमा।

९. यो करार विचैमा तोडिएमा नगरपालिकाले अर्को व्यवस्था गरी काम गराउन सक्नेछ। यसरी काम गराउदा लागेको वढि रकम यो सम्झौता गर्ने द्वितीय पक्षले व्यहोर्नु पर्नेछ। साथै द्वितीय पक्षको कारणले ठेक्का तोडिएमा कालोसूचिमा राख्ने तर्फ कारवाही समेत हुन सक्नेछ।

१०. यो करार सम्वन्धमा दुवै पक्ष विच मतभेद भएमा यस प्रमुख प्रशासकीय अधिकृतले मध्यस्थता गर्नेछ।



( दीपक प्रसाद खतिवडा )
प्रमुख प्रशासकीय अधिकृत

११. करारका सामान्य शर्तहरु, करारका विशेष शर्तहरु, स्वीकृत बिल अफ क्वाण्टिटिज लगायतका डकुमेन्टहरु यो करारको एक पार्टको रुपमा रहनेछ ।

१२. यो करार संग सम्वन्धीत यसमा नपरेका कुराहरु नेपालको प्रचलित ऐन नियमानुसार हुनेछ ।

**आधिकारिक हस्ताक्षर:**

| बेलकोटगढी नगरपालिका, नुवाकोट (प्रथम पक्ष)को तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| सहि: | सहि: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |

**साक्षी**

| | |
|---|---|
| सहि: | सहि: |
| नाम: | नाम: |
| पद: | पद: |
| सम्पर्क फोन नं.: | सम्पर्क फोन नं.: |
| मिति | मिति |

( दीपक प्रसाद खतिवडा )
प्रमुख प्रशासकीय अधिकृत